**संयुक्त राष्ट्रसङ्घीय**
**नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६**
**नेपालको दोस्रो आवधिक प्रतिवेदनउपर समापन टिप्पणी तथा सुझावहरु, २०७१**

**प्रकाशन मिति**: २०७१ जेठ

**सङ्ख्या**: ५ हजारप्रति

**प्रकाशक**: अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

**सर्वाधिकार**: अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

**मानवअधिकार सन्धि अनुसन्धान समन्वय केन्द्र (एचआरटिएमसीसी)**
सचिवालय:
**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
कलङ्की, स्यूचाटार, पत्र मञ्जुषा: २७२६, काठमाडौं
फोन: ४२७८७७०, फ्याक्स: ४२७०५५१
इमेल: insec@insec.org.np, वेभसाइट: www.insec.org.np, www.inseconline.org

# विषयसूची

**भूमिका** ३
(क) **परिचय** ५
(ख) **सकारात्मक पक्षहरू** ५
(ग) **सरोकारका मुख्य विषय र सुझावहरू** ६
- द्वन्द्वको समयमा गरिएको गम्भीर मानवअधिकार उल्लङ्घनका घटनामा भएको दण्डहीनता ६
- अभिसन्धिको ऐच्छिक आलेखअनुसारका दृष्टिकोणहरू ८
- राष्ट्रिय मानवअधिकार आयोग ८
- लैङ्गिक समानता ९
- जातीय विभेद १०
- गैरन्यायिक हत्या, यातना र दुर्व्यवहार १०
- गैरकानुनी थुनामा राख्ने कार्य १०
- थुनामा राख्दाको अवस्था ११
- महिलाविरुद्धको हिंसा १२
- शरणार्थी १३
- शरीरिक दण्ड सजाय १३
- स्वच्छ सुनुवाइ १४
- बाल न्याय १४
- मानव बेचविखन तथा बन्धुवा मजदुर १४
- अभिव्यक्ति स्वतन्त्रता १५
- जन्म दर्ता र राष्ट्रियता १६

# भूमिका

मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ लाई आधार बनाएर अनेकौं अन्तर्राष्ट्रिय घोषणापत्र, महासन्धि तथा दस्तावेजहरूको निर्माण भएको छ भने यिनै दस्तावेजहरूमा आधारित भएर मानवअधिकार संरक्षण र प्रवर्धनका लागि विभिन्न अनुगमन, नियमन तथा बहालीको व्यवस्था र सोबाट सिर्जित विभिन्न दायित्वहरू राज्यको लागि तोकिएको छ।

मानवअधिकारसम्बन्धी नौ ठूला महासन्धिहरूमध्ये नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ नेपालले सन् १९९१ मा अनुमोदन गरेको थियो। यस महासन्धिको पक्षराष्ट्र भएपछि प्रत्येक चार वर्षमा यी अधिकारसम्बन्धी अवस्थाको बारेमा संयुक्त राष्ट्रसङ्घ मानवअधिकार समितिमा आवधिक प्रतिवेदन पठाउने राज्यको दायित्व रहेको हुन्छ। नेपालले यस महासन्धिको दोस्रो, तेस्रो र चौथो आवधिक प्रतिवेदनलाई दोस्रो प्रतिवेदनका रूपमा सन् २०१२ को फेब्रुअरीमा मानवअधिकार समितिसमक्ष प्रस्तुत गरेको थियो।

मानवअधिकारको क्षेत्रमा क्रियाशील संस्थाहरूको संलग्नतामा मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूको परिपालनाको अवस्थाको अनुगमन गर्न सन् २००३ मा स्थापित “मानवअधिकार सन्धि अनुगमन समन्वय केन्द्र”ले पनि नागरिक तथा राजनीतिक अधिकार अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ मा गैरसरकारी संस्थाहरूको तर्फबाट नागरिक समाजको प्रतिवेदन मानवअधिकार समितिसमक्ष प्रस्तुत गरेको थियो।

नेपालको उक्त प्रतिवेदनमाथि २०१४ मार्चको १८ र १९ मा सम्पन्न मानवअधिकार समितिको ११० औँ सत्रमा छलफल भएको थियो। छलफल कार्यक्रममा नेपाल सरकारका प्रतिनिधिहरू तथा गैरसरकारी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूको उपस्थिति रहेको थियो। सरकारका प्रतिनिधिहरू र समितिका सदस्यहरूको औपचारिक छलफलपछि प्रतिवेदनका सम्बन्धमा समितिले २६ मार्च २०१४ मा समापन टिप्पणी (Concluding observation) जारी गरेको छ।

उक्त टिप्पणी नागरिक समाजका सदस्यहरू तथा सबै सरोकारवाला निकायहरूलाई सचेत गराउन उपयोगी हुने भएकोले नेपाली भाषामा अनुवाद गरी यो पुस्तिका प्रकाशन गरिएको हो।

मानवअधिकार समुदायलगायत यस सम्बन्धमा अध्ययन गर्न चाहने सबैलाई यो पुस्तिका उपयोगी हुने विश्वास लिइएको छ।

टिप्पणी तथा सुझावको नेपाली अनुवाद उपलब्ध गराउने जेनेभास्थित संस्था सेन्टर फर सिभिल एण्ड पोलिटिकल राईटस्प्रति कृतज्ञता व्यक्त गर्दछु। त्यसै गरी संयोजन तथा प्रकाशनमा भूमिका निर्वाह गर्नुहुने इन्सेकका मानवअधिकार अनुगमन तथा पैरवी कार्यक्रमका व्यवस्थापक सम्झा श्रेष्ठ, यस पुस्तकको सम्पादन कार्यमा सहयोग पुऱ्याउनु हुने वरिष्ठ अधिकृत योगीशकृष्ण खरेल, वरिष्ठ अधिकृत प्रशन्नता वस्ती र आवरण तथा साजसज्जाका निम्ति योगदान पुऱ्याउनुहुने अधिकृत गीता मालीप्रति धन्यवाद व्यक्त गर्दछु।

**सुबोधराज प्याकुरेल**
अध्यक्ष
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

# मानवअधिकार समिति
# नेपालको दोस्रो आवधिक प्रतिवेदनमाथि
# गरिएको समापन टिप्पणी*

१) नेपालले प्रस्तुत गरेको दोस्रो आवधिक प्रतिवेदन (CCPR/C/NPL/2) संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार समितिले १८ र १९ मार्च २०१४ मा भएको ३०५० र ३०५१ औ बैठकमा अध्ययन गऱ्यो। २६ मार्च २०१४ मा भएको आफ्नो ३०६१ औँ बैठकमा मानवअधिकार समितिले निम्नअनुसारको समापन टिप्पणी (Concluding Observation) पारित गऱ्यो।

**(क) परिचय**

२) नेपालले प्रस्तुत गरेको दोस्रो आवधिक प्रतिवेदन जुन सन् १९९७ मा नै प्रस्तुत गर्नुपर्ने थियो, उक्त प्रतिवेदन प्रस्तुत गरेकोमा उक्त प्रतिवेदन तथा त्यसमा उल्लेखित जानकारीहरूलाई मानवअधिकार समिति स्वागत गर्दछ। सन् १९९४ मा अन्तिम पटक पुनरावलोकन भएपश्चात् अभिसन्धिको कार्यान्वयन गर्नको लागि सदस्य राष्ट्रले अवलम्बन गरेका उपायहरूको सम्बन्धमा रचनात्मक छलफल गर्ने अवसर पाएकोमा यो समिति कृतज्ञता व्यक्त गर्दछ। सदस्य राष्ट्रले सूचीकृत भएका विषयवस्तुहरूको सम्बन्धमा प्रस्तुत गरेको लिखित जवाफ तथा प्रतिनिधिमण्डलले दिएको मौखिक जवाफको लागि  आभार व्यक्त गर्दछ।

**(ख) सकारात्मक पक्षहरू**

३) सदस्य राष्ट्रले लिएको निम्नलिखित कानुनी र संस्थागत कदमहरूको समिति स्वागत गर्दछ।

(क) सन् २००६ मा विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भएको।

(ख) नेपालका् अन्तरिम संविधान, वि. सं. २०६३ मा जारी भएको।

(ग) सर्वोच्च अदालतको २१ डिसेम्बर २००७ को फैसलाअनुसार नागरिकतालगायतका सरकारी दस्तावेजमा तेस्रो लिङ्गी शब्द प्रयोग हुन शुरु भएको।

---

*http://tbinternet.ohchr.org/_layouts/treatybodyexternal/Download.aspx?symbolno=CCPR/C/NPL/CO/2&Lang=En मा उपलब्ध दस्तावेजलाई नेपालीमा अनुवाद गरिएको

(घ) सन् २०१४ को जनवरीमा दोस्रो संविधानसभा गठन भई फेब्रुअरीमा सरकार गठन भएको।

(४) सदस्य राष्ट्रले निम्नअनुसारको अन्तर्राष्ट्रिय दस्तावेजमा अनुमोदन गरेकोमा समिति स्वागत गर्दछ।

(क) यस अभिसन्धिको दोस्रो ऐच्छिक आलेखलाई सन् १९९८ मा अनुमोदन गरेको।

(ख) बाल अधिकारसम्बन्धी महासन्धिको सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोगसम्बन्धी ऐच्छिक आलेखलाई सन् २००६ मा अनुमोदन गरेको।

(ग) बालअधिकारसम्बन्धी महासन्धिको बालबालिकाको बेचविखन, बाल वेश्यावृत्ति र बाल पोर्नोग्राफीसम्बन्धी ऐच्छिक आलेख सन् २००७ मा अनुमोदन गरेको।

(घ) महिला विरुद्ध हुने सबै प्रकारका विभेद विरुद्धको महासन्धिको ऐच्छिक आलेख सन् २००७ मा अनुमोदन गरेको।

(ङ) अन्तरदेशीय सङ्गठित अपराधविरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धि सन् २००६ तथा मानव बेचविखन विशेष गरी महिला र बालबालिकाको बेचविखन रोकथाम, नियन्त्रण र सजायसम्बन्धी प्रोटोकल सन् २००८

(च) शारीरिक रूपमा अपाङ्ग व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि र त्यसको ऐच्छिक आलेख, सन् २०१०

**(ग) सरोकारका मुख्य विषय र सुझावहरू**

**द्वन्द्वको समयमा गरिएको गम्भीर मानवअधिकार उल्लङ्घनका घटनामा भएको दण्डहीनता**

(५) सन् १९९६ देखि २००६ सम्म सशस्त्र द्वन्द्वको समयमा भएका गैरन्यायिक हत्या, जबर्जस्ती बेपत्ता पार्ने कार्य, यातना, यौन हिंसा तथा गैरकानुनी तवरले थुनामा राख्नेलगायतका अन्तर्राष्ट्रिय मानवअधिकार कानुन र मानवीय कानुनको गम्भीर उल्लङ्घनको घटनाको सम्बन्धमा रहेको विद्यमान दण्डहीनताको संस्कारप्रति समिति निम्नलिखित सरोकार राख्दछ, र

(क) फौजदारी न्याय प्रणालीमा हुने गरेका राजनीतिक हस्तक्षेपका कारणले पीडकका सम्बन्धमा अनुसन्धान र अभियोजन नहुने अभ्यास जस्तो; प्रहरीले जाहेरी दरखास्त दर्ता गर्न इन्कार गर्नु, कानुन कार्यान्वयन गर्ने अधिकारीलाई कुनै घटनाको सम्बन्धमा अनुसन्धान र अभियोजन नगर्नको लागि दबाब दिने कार्य, मानवअधिकार उल्लङ्घनका

आरोपितहरूको ठूलो सङ्ख्यामा मुद्दा फिर्ता लिने जस्ता कार्यहरूको सम्बन्धमा समिति सरोकार व्यक्त गर्दछ। हालसम्म एउटा पनि मुद्दा फौजदारी न्याय प्रणालीअन्तर्गत सफलतापूर्वक अभियोजन नभएको कुरामा समिति जानकार रहेको छ।

(ख) पीडितलाई प्रभावकारी क्षतिपूर्ति उपलब्ध नगराइएको, अन्तरिम राहत कार्यक्रमले केही पीडित र निजका आफन्तहरूलाई सीमित आर्थिक सहायता प्रदान गरेको भए तापनि यातना, जबर्जस्ती करणी र अन्य प्रकारका यौन हिंसालगायतका घटनाका पीडितहरू यस प्रकारका राहत कार्यक्रमबाट वञ्चित भएका छन्।

(ग) 'भेटिङ' प्रणालीको अभावमा गम्भीर मानवअधिकार उल्लङ्घनका आरोपितलाई सरकारी पदबाट बरखास्त गर्न नसकिएको बरु त्यस्ता व्यक्तिहरूलाई बढुवा गर्ने कार्य हुँदै आएको (धारा २, ३, ६, ७, ९, १० र १६)

**सदस्य राष्ट्रले निम्नअनुसारको काम गर्नुपर्छ**

(क) यातना तथा व्यक्ति बेपत्ता पार्ने कार्यलगायतका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई घरेलु कानुनद्वारा फौजदारी कसुरको रूपमा प्रतिबन्ध लगाउने।

(ख) फौजदारी न्याय प्रणालीमा हुने गरेका सबै प्रकारका राजनीतिक हस्तक्षेपलाई अन्त्य गर्ने तथा द्वन्द्वसँग सम्बन्धित मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई स्वतन्त्र र गम्भीर रूपमा अनुसन्धान गरी कुनै प्रकारको ढिलाइ बिना कसुरदारलाई जिम्मेवार ठहराउने।

(ग) कुनै प्रकारको ढिलाइबिना प्राथमिकताका साथ सर्वोच्च अदालतले सन् २०१४ को जनवरीमा दिएको रिट आदेशअनुरूप सङ्क्रमकालीन न्यायको संयन्त्र गठन गर्ने। त्यसरी गठन गरिने संयन्त्रमा अन्तराष्ट्रिय मानवअधिकार तथा मानवीय कानुनको गम्भीर उल्लङ्घन गर्ने आरोपितलाई आममाफी दिन प्रतिबन्ध लगाउँदै उक्त संयन्त्रको प्रभावकारी र स्वतन्त्र कार्यसञ्चालनलाई सुनिश्चित गर्ने।

(घ) अन्तराष्ट्रिय मानवअधिकार र मानवीय कानुनको गम्भीर उल्लङ्घनका घटनाका पीडितको क्षतिपूर्ति र राहतको अधिकारसम्बन्धी आधारभूत सिद्धान्त र निर्देशिकाबमोजिम पीडितलाई प्रभावकारी क्षतिपूर्ति र पुन:स्थापना प्रदान गरिने कार्य सुनिश्चित गर्ने।

(ङ) अभिसन्धिको प्रावधानको उल्लङ्घनका आरोपितलाई सार्वजनिक पदमा बहाल रहन नदिनका लागि 'भेटिङ'सम्बन्धी निर्देशिका पारित गर्ने।

## अभिसन्धिको ऐच्छिक आलेखअनुसारका दृष्टिकोणहरू

(६) मानवअधिकार समितिले पहिलो ऐच्छिक आलेखअनुसार पारित गरेको दृष्टिकोणलाई पूर्णरूपमा कार्यान्वयन गर्ने सदस्य राष्ट्रको प्रतिनिधिमण्डलको प्रतिबद्धताको स्वागत गर्दै तथा केही पीडितलाई अन्तरिम राहत प्रदान गरिएको कुरालाई जानकारीमा लिँदै सदस्य राष्ट्रले समितिको दृष्टिकोणलाई कार्यान्वयन गर्न असफल रहेको कुराप्रति मानवअधिकार समिति चासो र सरोकार व्यक्त गर्दछ। (धारा २)

सदस्य राष्ट्रलाई मानवअधिकार समितिले व्यक्तिगत उजुरीअन्तर्गत जारी गरेको दृष्टिकोणलाई पूर्णरूपमा कार्यान्वयन गर्नका लागि स्पष्ट कदम चाल्नको लागि मानवअधिकार समिति अनुरोध गर्दछ। जसअन्तर्गत विशेष गरी छिटो, गम्भीर र स्वतन्त्र अनुसन्धान गर्ने, आरोपित व्यक्तिलाई अभियोजन गर्ने तथा कुनै प्रकारको ढिलाइबिना पीडितलाई प्रभावकारी राहत र क्षतिपूर्ति प्रदान गर्ने जस्ता कार्य पर्दछन्। गम्भीर प्रकारका मानवअधिकारका घटनालाई फौजदारी न्याय प्रणालीअन्तर्गत अनुसन्धान गर्नका लागि सङ्क्रमणकालीन न्यायका संयन्त्रहरू पर्याप्त छैनन् भन्ने कुरालाई मानवअधिकार समिति फेरी दोहोऱ्याउन चाहन्छ।

## राष्ट्रिय मानवअधिकार आयोग

(७) राष्ट्रिय मानवअधिकार आयोगको स्वतन्त्र कार्य सञ्चालनमा राष्ट्रिय मानवअधिकार आयोग ऐन, २०६८ पारित गरी त्यसअनुसार लगाइएको बन्देजप्रति समिति सरोकार व्यक्त गर्दछ। सर्वोच्च अदालतले ६ मार्च २०१३ मा उक्त ऐनका केही प्रावधानहरूलाई बदर घोषित गरेको कुरालाई जानकारीमा लिँदै उक्तक्त ऐनलाई पेरिस सिद्धान्तअनुसार संशोधन गर्ने कार्यमा कुनै प्रगति नभएकोमा समिति खेद प्रकट गर्दछ।

राष्ट्रिय मानवअधिकार आयोगले जारी गरेका सिफारिशहरू घरेलु कानुनअनुसार बन्धनकारी हुने भए तापनि पर्याप्त मात्रामा कार्यान्वयन नभएकोमा समिति खेद प्रकट गर्दछ।

राष्ट्रिय मानवअधिकार आयोगको कार्य सञ्चालनलाई स्वतन्त्र र प्रभावकारी बनाउनका लागि सदस्य राष्ट्रले पेरिस सिद्धान्त र ६ मार्च २०१३ को सर्वोच्च अदालतको आदेशअनुसार राष्ट्रिय मानवअधिकार आयोग ऐनको संशोधन गर्नुपर्छ। त्यसै गरी नियुक्ति प्रक्रियालाई स्वच्छ, समावेशी र पारदर्शी बनाउनका लागि नियुक्ति कार्यविधि संशोधन गर्नुपर्छ। साथै आयोगले जारी गरेका सिफारिशहरू प्रभावकारी रूपमा कार्यान्वयन सुनिश्चित गरिनुपर्छ।

**लैङ्गिक समानता**

(८) सदस्य राष्ट्रले लैङ्गिक समानता अभिवृद्धि गर्न अवलम्बन गरेका विभिन्न कदमहरूको जानकारी लिँदै माथिल्लो तहको नीति निर्माण तहमा महिलाहरू अझ विशेषगरी दलित र जनजाति महिलाको निम्नलिखित प्रतिनिधित्वको सम्बन्धमा समिति सरोकार व्यक्त गर्दछ। विद्यमान पितृसत्तात्मक सोच र गहिरोसँग बसेको रुढीवादी मान्यता जसले जीवनका हरेक क्षेत्रमा महिलाका विरुद्ध भेदभाव सृजना गर्दछ साथै बाल विवाह, दाइजो, बोक्सी र छाउपडी प्रथाजस्ता सांस्कृतिक प्रचलनप्रति खेद व्यक्त गर्दछ।

सदस्य राष्ट्रले लैङ्गिक समानता र विभेदविरुद्धको वर्तमान कानुनी र नीतिगत ढाँचाको कार्यान्वयन गर्न, नीति निर्माण तहमा महिलाको प्रतिनिधित्व बढाउन तथा सार्वजनिक जनचेतनालगायतका तरिकाबाट महिलाविरुद्ध रहेका रुढीवादी मान्यता हटाउनका लागि सम्पूर्ण उपायहरू अवलम्बन गर्नुपर्छ। त्यसैगरी सदस्य राष्ट्रराष्ट्रले निम्नलिखित कार्यहरूको लागि पनि आवश्यक उपायहरू अवलम्बन गर्नुपर्छ।

(क) महिलाविरुद्धका सबै प्रकारका परम्परागत प्रथाहरूलाई घरेलु कानुनद्वारा प्रष्टरूपमा प्रतिबन्ध लगाउने र उक्त कानुनको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने।

(ख) त्यस प्रकारको परम्परागत प्रथाहरूले सिर्जना गर्ने अझ विशेषगरी दुर्गम क्षेत्रमा पर्ने गरेको नकारात्मक असरको सम्बन्धमा जनचेतना फैलाउने कार्य गर्ने।

(ग) त्यस प्रकारको अपराधको प्रतिवेदन पठाउने, पीडितको उजुरीको अनुसन्धान गर्ने र दोषीलाई कानुनी दायरामा ल्याउने कार्यलाई प्रोत्साहन गर्ने।

**जातीय विभेद**

(९) सन् २०११ मा पारित भएको जातीय विभेद तथा छुवाछुतविरुद्धको (सजाय र नियन्त्रण ऐन) २०११ लाई स्वागत गर्दै त्यस ऐनको प्रभावकारी कार्यान्वयन नभएको तथा व्यवहारमा दलितविरुद्धको छुवाछुत अझै बाँकी रहेकोमा समिति सरोकार व्यक्त गर्दछ। राष्ट्रिय दलित आयोगले आफ्नो अधिकारको प्रयोग प्रभावकारी गर्न पाउने तथा आयोगको सिफारिश प्रभावकारी रूपमा कार्यान्वयन हुने कुरा सुनिश्चित गरिनुपर्छ।

**गैरन्यायिक हत्या, यातना र दुर्व्यवहार**

(१०) तराई क्षेत्रमा भएका गैरन्यायिक हत्या, हिरासतभित्र हुने गरका मृत्यु तथा प्रहरी हिरासतमा हुने गरेको यातना र दुर्व्यवहारको व्यापक प्रयोगसम्बन्धी प्रतिवेदनप्रति समिति सरोकार व्यक्त गर्दछ। यातना दिने कार्यलाई अपराधको कोटीमा राखेर कानुन नबनाएकोमा, यातना दिने कार्यमा संलग्नलाई अनुसन्धान अभियोजन गर्ने, दोषी ठहर गर्नें तथा त्यस्ता व्यक्तिउपर सजाय सम्बन्धमा विस्तृत र स्पष्ट जानकारी नभएकोमा तथा त्यस प्रकारका मानवअधिकार उल्लङ्घनका घटनामा संलग्न कानुन कार्यान्वयन गर्ने अधिकारीलाई कारबाही नगर्ने दण्डहीनताको अवस्थाको सम्बन्धमा समिति गम्भीर सरोकार राख्दछ। (धारा २, ६, ७, ९, १०, १४)

सदस्य राष्ट्रले कानुन कार्यान्वयन गर्ने अधिकारीले गर्न सक्ने अधिकतम बल प्रयोगलाई रोकथाम गरी निजको कार्य कानुन कार्यान्वयन गर्ने अधिकारीले (संयुक्त राष्ट्रसङ्घ महासभा प्रस्ताव नं ३४/१६५) र कानुन कार्यान्वयन गर्ने अधिकारीले बल प्रयोगसम्बन्धी आधारभूत सिद्धान्त (१९९०) अनुसार गर्नको लागि आवश्यक कदम चाल्नेछ। सदस्य राष्ट्रले यातना तथा दुर्व्यवहारलाई निर्मूल गर्नका लागि अन्तराष्ट्रिय मापदण्डअनुसार अपराधको गम्भीरताअनुसार राहत र क्षतिपूर्तिको व्यवस्थासहित यातना दिने कार्यलाई अपराधको कोटीमा राख्ने कानुन बनाएर आवश्यक कदम चाल्नुपर्छ। त्यस्तैगरी कानुन कार्यान्वयन गर्ने अधिकारीलाई यातना र दुर्व्यवहारसम्बन्धी घटनामा अनुसन्धान गर्नको लागि इस्तनाबुल प्रोटोकलअनुसारको तालिम प्रदान गर्नुपर्छ। यातना र दुर्व्यबहारसम्बन्धी घटनाको प्रभावकारी तरिकाबाट अनुसन्धान हुने कुरालाई सदस्य राष्ट्रले सुनिश्चित गर्नुपर्छ। त्यस्तैगरी आरोपित व्यक्तिमाथि अभियोजन हुने तथा कसुरदार ठहर भएमा सजाय दिने तथा पीडित र उसको परिवारले प्रभावकारी क्षतिपूर्ति प्राप्त गर्ने कुरा सुनिश्चित गर्नुपर्छ।

**गैरकानुनी थुनामा राख्ने कार्य**

(११) नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४ ले थुनामा रहेको व्यक्तिलाई थुनामा राखिएको कारण थाहा पाउने, २४ घण्टाभित्र मद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनु पर्ने लगायतका अधिकार प्रदान गरेको कुरालाई जानकारीमा लिँदै त्यस प्रकारको अधिकारको व्यवहारमा लागु हुन नसकेको सम्बन्धमा समिति सरोकार व्यक्त गर्दछ। त्यस्तैगरी थुनामा रहेको व्यक्तिले आफ्नो नजिकको आफन्तलाई आफू थुनामा रहेको सम्बन्धमा जानकारी गराउने, थुनामा परेको समयदेखि नै चिकित्सकसँग भेट्न पाउने अधिकारको कानुनी र व्यवहारिक रूपमा प्रभावकारी व्यवस्था नभएको, हिरासतसम्बन्धी झुठा र अपर्याप्त अभिलेख राख्ने गरिएको तथा थुनुवालाई अनाधिकृत स्थलमा थुनामा राख्ने व्यवस्थाको सम्बन्धमा समिति सरोकार व्यक्त गर्दछ। (धारा ९, १०, १४)

आफ्नो अधिकारक्षेत्रभित्र कुनै पनि व्यक्ति गैरकानुनी रूपमा पक्राउ वा थुनामा परेको छैन र थुनामा परेको व्यक्तिले यस अभिसन्धिको धारा ९ र १४ बमोजिमको सम्पूर्ण कानुनी अधिकार प्राप्त गरेको छ भन्ने कुरा सुनिश्चित गर्नका लागि सदस्य राष्ट्रले आवश्यक कदम चाल्नुपर्छ। त्यस्तै गरी सदस्य राष्ट्रले आफ्नो सबै थुनुवास्थलको बारेमा नियमितरूपमा प्रकाशन गर्नुपर्छ र अनाधिकृत स्थललाई थुनाको रूपमा प्रयोग गर्ने कार्यलाई प्रस्टसँग अपराधको रूपमा परिभाषित गर्नुपर्छ।

**थुनामा राख्दाको अवस्था**

(१२) खुला कारागार र सामुदायिक कारागार प्रणालीको अवधारणा प्रारम्भ गरिएकोमा स्वागत गर्दै कारागार तथा बन्दीगृह क्षमताभन्दा बढी कैदी बन्दी राख्ने गरेको अवस्था, कारागार र बन्दीगृह र शौचालयलगायतका निकासको व्यवस्था नभएको अवस्था तथा स्वास्थ्य सेवा, कानुनव्यवसायीसँग गोप्य तरिकाबाट भेटघाट गर्नको लागि पूर्वाधारको अभावलगायतका आधारभूत सेवा सुविधाको अभाव रहेको सम्बन्धमा सरोकार व्यक्त गर्दछ। (धारा ९, १०)

सदस्य राष्ट्रले थुनामा राखिने स्थानको नियमित र स्वतन्त्र सुपरिवेक्षण गर्ने प्रणालीको स्थापना गर्न तथा कारागारमा क्षमताभन्दा बढी कैदी बन्दी राख्ने कार्यलाई कम गरी थुनामा रहेको व्यक्तिलाई गरिने व्यवहारसम्बन्धी न्यूनतम

मापदण्डअनुसार थुनाको अवस्थामा सुधार गर्नको लागि तत्काल आवश्यक कदम चाल्नु पर्छ। यस सम्बन्धमा सदस्य राष्ट्रले नयाँ कारागारको निर्माणमा मात्र नभई धरौटी, घरभित्र नजरबन्दमा राख्ने, सामुदायिक सेवाजस्ता पुर्पक्षभन्दा अगाडि थुनामा राख्ने प्रणाली लागु गर्न पनि ध्यान दिनु पर्छ। सदस्य राष्ट्रले थुनामा रहेको व्यक्तिले दिएको उजुरी प्राप्त गर्न तथा कारबाही अगाडि बढाउनको लागि गोप्य संयन्त्रको स्थापना गर्नुपर्छ।

**महिलाविरुद्धको हिंसा**

महिलाविरुद्धको हिंसालाई अन्त्य गर्नको लागि विभिन्न प्रकारका कानुन र नीति पारित भएको कुरालाई जानकारी लिँदै त्यसप्रकारको कानुनको कमजोर कार्यान्वयन, महिलाविरुद्ध भएको हिंसासम्बन्धी मुद्दाको तथ्याङ्क सङ्कलन गर्ने विस्तृत प्रणालीको अभाव तथा व्यापकरूपमा हुँदै आएको महिला र बालिका विरुद्धको शारीररिक र घरेलु हिंसाको सम्बन्धमा सरोकार व्यक्त गर्दछ। त्यस्तै गरी जबर्जस्ती करणीको साँघुरो परिभाषा, ३५ दिने हदम्याद संशोधन गर्न भएको विलम्ब तथा वैवाहिक बलात्कारमा व्यवस्था भएको कम सजायको सम्बन्धमा पनि सरोकार व्यक्त गर्दछ। त्यस्तै गरी प्रहरीले जबर्जस्ती करणीका घटनाहरू दर्ता, अनुसन्धान तथा अभियोजन नगरी अनौपचारिक न्याय प्रणालीबाट समाधान गर्ने प्रवृत्तिको सम्बन्धमा पनि समिति सरोकार व्यक्त गर्दछ। (धारा २, ३ र ७)

सदस्य राष्ट्रले सम्पूर्ण प्रकारको महिलाविरुद्धको हिंसालाई अन्तराष्ट्रिय मापदण्डअनुसार राष्ट्रिय कानुनअनुसार परिभाषित तथा प्रतिबन्धित गरी अपराधको गम्भीरताअनुसार सजायको व्यवस्था सुनिश्चित गर्नुपर्छ। लक्ष्यअनुसारको रणनीति तय गरी उक्त रणनीतिको प्रभावकारिताको मूल्याङ्कन गर्नको लागि विभिन्न प्रकारको घरेलु हिंसासम्बन्धी तथ्याङ्क सङ्कलन गर्नको लागि विस्तृत राष्ट्रिय तथ्याङ्क सङ्कलन प्रणालीको स्थापना गर्नुपर्छ। त्यस्तैगरी सदस्य राष्ट्रले महिलाविरुद्धको हिंसा सम्बन्धमा जनचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गरी महिलाहरूलाई उनीहरूको अधिकार तथा त्यसको सुरक्षा बारेमा जानकारी दिँदै पीडितले दिएको उजुरीको सम्बन्धमा सहयोग गर्नुपर्छ। त्यस्तै गरी सदस्य राष्ट्रले महिलाविरुद्ध भएको घरेलु हिंसाको घटनाहरू गहिरोसँग अनुसन्धान गरी आरोपितलाई अभियोजन गर्ने तथा कसुरदार ठहर भएमा आवश्यक कारवाही गर्ने, पीडितलाई प्रभावकारी क्षतिपूर्ति प्रदान गर्ने कार्य सुनिश्चित गर्नुपर्छ।

**शरणार्थी**

(१४) सदस्य राष्ट्रले ठूलो सङ्ख्यामा शरणार्थी र शरण माग्न आएका व्यक्तिहरूलाई आश्रय दिएको कुरालाई प्रशंसा गर्दै सन् १९९५ देखि नै तिब्बती शरणार्थीलाई परिचयपत्र प्रदान नगरिएको सम्बन्धमा सरोकार व्यक्त गर्दछ। जसले गर्दा तिब्बती शरणार्थीहरूलाई अध्यागमन कानुन सन् १९९४ अनुसार गैरकानुनी प्रवेश गरेबापत ठूलो मात्राको जरिवाना तथा थुनामा राख्ने वा निकाला गरिनेलगायतका जोखिम रहेको सम्बन्धमा सरोकार व्यक्त गर्दछ। त्यस्तै गरी सदस्य राष्ट्रले छिमेकी मुलुकसँग सम्बन्ध राख्नको लागि तिब्बती शरणार्थीलाई लगाइएको विभिन्न बन्देजको सम्बन्धमा सरोकार व्यक्त गर्दछ। त्यस्तै गरी देशनिकालाविरुद्धको संरक्षण प्रदान गर्नको लागि कानुनको अभाव रहेको सम्बन्धमा पनि समिति सरोकार व्यक्त गर्दछ।

सदस्य राष्ट्रले निकालाविरुद्धको सिद्धान्त पालना गर्दै शराणार्थी र शरण माग्ने व्यक्तिहरूलाई सन् १९९४ को अध्यागमन कानुनले व्यवस्था गरेको सजायबाट छुटकारा दिने गरी अन्तर्राष्ट्रिय मापदण्डअनुसार शरणार्थी कानुन पारित गर्नुपर्छ। सदस्य राष्ट्रले लामो समयदेखि बसोवास गर्दै आएका तिब्बती शरणार्थीको दर्तासम्बन्धी व्यवस्था गरी उनीहरूलाई आवश्यक कानुनी कागजात प्रदान गरी अभिसन्धिले प्रदान गरेको स्वतन्त्रता तथा सङ्गठन गर्ने र शान्तिपूर्वक भेला हुन पाउने अधिकारसहित गैरकानुनी रूपमा थुनामा राख्नेविरुद्धको अधिकार प्रदान गर्नुपर्छ। त्यस्तैगरी सदस्य राष्ट्रले जायज शरणार्थी माग भएका तिब्बतीहरूलाई आफ्नो सीमानामा पहुँच दिई संयुक्त राष्ट्रसङ्घीय शरणार्थी उच्च आयोगमा सिफारिश गर्नुपर्छ।

**शरीरिक दण्ड सजाय**

(१५) राष्ट्रिय बाल नीतिलाई सन् २०१२ मा पारित गरेको कुरालाई जानकारीमा लिंदै शारीरिक दण्डलाई विशेषगरी घरमा अनुशासन कायम गर्नको लागि अभिभावक वा संरक्षकले प्रयोग गर्ने परम्परा कायम रहेको सम्बन्धमा समिति सरोकार व्यक्त गर्दछ। (धारा ७ र २४)

सदस्य राष्ट्रले शारीरिक दण्ड सजाय उन्मूलन गर्नको लागि कानुन बनाउनेलगायतका कदमहरू चाल्नुपर्छ। सदस्य राष्ट्रले अनुशासन कायम राख्नको लागि गैरहिसंक उपायहरूलाई प्रोत्साहन गर्नुपर्छ। साथै शारीरिक दण्डको नकारात्मक प्रभावहरूको सम्बन्धमा जनचेतना जगाउनुपर्छ।

**स्वच्छ सुनुवाइ**

(१६) बल प्रयोग गरी प्राप्त गरेको प्रमाणलाई अमान्य ठहराउने प्रस्ट कानुनी व्यवस्थाको बाबजुद चुपचाप रहन पाउने अधिकारको व्यवहारमा अभ्यास हुन नसकेको तथा कानुनी सहायतासम्बन्धी पर्याप्त कानुनी व्यवस्था नभएको सम्बन्धमा समिति सरोकार व्यक्त गर्दछ। त्यस्तै गरी प्रमुख जिल्ला अधिकारीले फौजदारी मुद्दामा कार्यपालिका र न्यायपालिका दुवैको सदस्यको हैसियतमा अर्धन्यायिक भूमिका निर्वाह गर्दा अभिसन्धिको धारा १४ को उल्लङ्घन हुने सम्बन्धमा पुन: सरोकार व्यक्त गर्दछ।

यस अभिसन्धिको धारा १४ र अदालत र न्यायाधिकरणमा समानताको अधिकार र स्वच्छ सुनुवाइ सम्बन्धमा यस समितिको टिप्पणी नं ३२ अनुसार स्वच्छ सुनुवाइको अधिकार सुनिश्चित गर्नका लागि सदस्य राष्ट्रले आवश्यक कदम चाल्नुपर्छ। त्यस्तै गरी सदस्य राष्ट्रले प्रमुख जिल्ला अधिकारकिो अधिकारलाई सामान्य प्रकृतिको मुद्दामा सीमित गर्ने तथा प्रमुख जिल्ला अधिकारीलाई अधिकार प्रदान गर्ने कानुनलाई अभिसन्धिको धारा १४ अनुसार संशोधन गर्नुपर्छ।

**बाल न्याय**

(१७) दश वर्षको उमेरबाट नै फौजदारी दायित्व शुरु हुने व्यवस्था तथा बालबालिका उमेरअनुसारको प्रभावकारी कार्यविधि सहितको स्वच्छ सुनुवाइको अधिकार प्रदान गर्न सदस्य राष्ट्र असफल भएको सम्बन्धमा समिति सरोकार व्यक्त गर्दछ। त्यस्तैगरी बालबालिकासम्बन्धी ऐन, १९९२ (२०४८) जसले स्वतन्त्र बाल अदालतको व्यवस्था गरेको छ, उक्त ऐनको पूर्ण कार्यान्वयन हुन नसकेकोमा सरोकार व्यक्त गर्दछ।

सदस्य राष्ट्रले फौजदारी दायित्व शुरु हुने न्यूनतम उमेरलाई अन्तर्राष्ट्रिय मापदण्डअनुसार बनाउनुपर्छ साथै बालबालिकाको उमेर तथा पुन:स्थापनासम्बन्धी चाहनालाई मध्यनजर गर्दै बाल न्यायको स्थापना गर्नुपर्छ।

**मानव बेचविखन तथा बन्धुवा मजदुर**

(१८) मानव बेचविखन तथा ओसारपोसार कार्य नियन्त्रण ऐन, २००७ (२०६४) को प्रभावकारी कार्यान्वयनको अभाव तथा यौन शोषण, बन्धुवा मजदुर,

घरेलु कामदार र विवाह तथा मानव अङ्ग बेचबिखन र ओसारपोसार कार्य जारी रहेको सम्बन्धमा समिति सरोकार व्यक्त गर्दछ। त्यस्तैगरी मानव बेचबिखनसम्बन्धी अपराधमा सरकारी अधिकारीको संलग्नता रहेको भन्ने आरोपको सम्बन्धमा पनि समिति सरोकार व्यक्त गर्दछ। त्यस्तैगरी बालश्रम तथा हलिया, कमैया र कमलरीजस्ता परम्परागत बन्धुवा मजदुरको प्रचलन सदस्य राष्ट्रको केही क्षेत्रमा विद्यमान रहेको सम्बन्धमा समिति सरोकार व्यक्त गर्दछ।

सदस्य राष्ट्रले मानव अङ्ग र मानव बेचविखन तथा बन्धुवा मजदुर जस्ता कार्यको रोकथाम, नियन्त्रण र सजायको लागि चालेको कदमहरूलाई प्रभावकारी बनाउनुपर्छ। जसको लागि तथ्याङ्क सङ्कलन प्रणालीको स्थापना गर्ने, यससम्बन्धी प्रवृत्तिको विश्लेषण गरी रणनीति तय गर्ने तथा जोखिममा रहेका समुदायको शोषण हुन नदिन उक्त समुदायहरूको सबलीकरण गर्ने उपायहरू अवलम्बन गर्नुपर्छ।

त्यस्तै गरी सदस्य राष्ट्रले मानब बेचबिखन तथा कार्य नियन्त्रण ऐनको प्रभावकारी कार्यान्वयन गर्ने, दोषीलाई अभियोजन तथा कारबाही गर्ने र पीडितलाई पर्याप्त सुरक्षा र सहायता प्रदान गर्ने कार्य गर्नुपर्छ।

**अभिव्यक्ति स्वतन्त्रता**

(१९) अभिव्यक्तिको स्वतन्त्रताको बन्देजको सम्बन्धमा अन्तरिम संविधान, २०६३ मा रहेको व्यापक व्यवस्था तथा पत्रकार र मानवअधिकारकर्मीमाथि भौतिक आक्रमण, ज्यान मार्ने धम्की तथा सुरक्षाकर्मी, सशस्त्र समूह र राजनीतिक दलका युवा सङ्गठनबाट ज्यादती भएको भन्ने प्रतिवेदनको सम्बन्धमा समिति सरोकार व्यक्त गर्दछ।

सदस्य राष्ट्रले कानुन र व्यवहार दुवैमा गैरनागरिकसहित सम्पूर्ण व्यक्तिलाई अभिव्यक्तिको स्वतन्त्रता सुनिश्चित गर्नुपर्छ। त्यस्तै गरी सदस्य राष्ट्रले अभिव्यक्ति स्वतन्त्रतामा कुनै प्रकारको बन्देज लगाएको भएमा उक्त बन्देज यस अभिसन्धिको धारा १९(२) र विचार र अभिव्यक्ति स्वतन्त्रताको सम्बन्धमा यस समितिले गरेको टिप्पणी नं ३४ (२०११) बमोजिम छ भन्ने कुराको सुनिश्चित गर्नुपर्छ। सदस्य राष्ट्रले पत्रकार र मानवअधिकारकर्मीको विरुद्धमा

भएको धम्की तथा आक्रमणको सबै घटनाको अनुसन्धान गरी दोषीलाई कारबाही तथा पीडितलाई क्षतिपूर्ति प्रदान गर्नुपर्छ।

**जन्म दर्ता र राष्ट्रियता**

(२०) अहिलेसम्म भएका प्रयासको स्वागत गर्दै समिति विशेषगरी दुर्गम क्षेत्रमा कम सङ्ख्यामा हुने जन्म दर्ता तथा प्रक्रियामा महिलाले सामना गर्नुपरेको कठिनाइको सम्बन्धमा सरोकार व्यक्त गर्दछ। वर्तमान कानुनले आफ्नो भौगोलिक सिमाना भित्र जन्मेको बच्चा जो अन्य अवस्थामा राज्यविहीन हुन सक्थ्यो, उसलाई नागरिकता प्रदान नगर्ने व्यवस्थाको सम्बन्धमा समिति खेद व्यक्त गर्दछ। सदस्य राष्ट्रले शुरु गरेको राष्ट्रिय वितरण अभियानलाई स्वागत गर्दै अझ पनि ४० लाख जनताले नागरिकता नपाएको सम्बन्धमा सरोकार व्यक्त गर्दछ। त्यस्तैगरी नागरिकता प्राप्त गर्न र आफ्नो नाममा सन्तानलाई नागरिकता दिन पुरुष बराबरको अधिकार महिलालाई नदिएको सम्बन्धमा समिति सरोकार व्यक्त गर्दछ। (धारा ३, १६, २४, २५ र २६)

सदस्य राष्ट्रले आफ्नो भूभागभित्र जन्मेका सबै बच्चाको दर्ता सुनिश्चित गर्नका लागि जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्तासम्बन्धी ऐनको संशोधन गर्नुपर्छ। त्यस्तै गरी सदस्य राष्ट्रले नागरिकता प्रमाणपत्र प्राप्त गर्न तथा दर्ता गर्न विशेषगरी महिला र दुर्गम क्षेत्रका जनतामा रहेको बाधा व्यवधान हटाउन प्रयास गर्नुपर्छ। सदस्य राष्ट्रले नयाँ बन्ने संविधानमा नागरिकता प्राप्त गर्न र हस्तान्तरण गर्न महिला र पुरुषको बीच समान अधिकार रहने सुनिश्चित गर्नुपर्छ।

(२१) समितिको कार्यविधिसम्बन्धी नियमको ७१ नं को अनुच्छेद ५ बमोजिम सदस्य राष्ट्रले समितिले माथि उल्लेखित अनुच्छेद नं ५, ७ र १० मा उल्लेखित सिफारिशको कार्यान्वयनमा अवस्थासम्बन्धी जानकारीहरू समितिलाई एक वर्षभित्र उपलब्ध गराउनु पर्छ।

(२२) सदस्य राष्ट्रले आगामी २८ मार्च २०१८ मा पेश गर्ने आवधिक प्रतिवेदनमा सम्पूर्ण सिफारिश तथा अभिसन्धिको कार्यान्वयन सम्बन्धमा जानकारी प्रदान गर्नको लागि समिति अनुरोध गर्दछ।